| | |
|---|---|
| कार्यविधि संख्या | ०१ |

# माण्डवी गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०८०

| | |
|---|---|
| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०८०/०४/३१ |

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np


## माण्डवी गाउँपालिका पूर्वाधार विकास शाखा अन्तरगत कार्यरत प्राविधिकहरुको फिल्ड भत्तासम्बन्धी कार्यविधि, २०८०

यस माण्डवी गाउँपालिका पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राविधिक कर्मचारीहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि माण्डवी गाउँपालिकाले यो कार्यविधी बनाई जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " माण्डवी गाउँपालिका पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२). यो कार्यविधि गाउँपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले माण्डवी गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले माण्डवी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग)"कार्यपालिका" भन्नाले माण्डवी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(घ ) "कार्यविधि" भन्नाले माण्डवी गाउँपालिका पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत स्थायी र करार सेवा अन्तरगत कार्यरत ईञ्जीनियर, सव ईञ्जीनियर र असिष्टेन्ट सब ईञ्जीनियर , अमिन र खा.पा.स.टे. र अमिन सम्झनु पर्दछ ।

**३.फिल्ड भत्ता प्राप्त गर्ने आधारः-**

(१) यस कार्यविधि वमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई १४ दिन काम गरेको हुनुपर्नेछ । आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनुपर्नेछ।

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरी प्रशासन मार्फत पेश गर्नु पर्दछ ।त्यसरी बिबरण पेश गर्दा फिल्ड खटीईएको लकबुक प्रमाणित पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद / तह / स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछनः

| सि. नं | पद / तह / स्तर | प्राप्त हुने फिल्ड भत्ता (रु.) |
|---|---|---|
| १, | ईञ्जिनियर (अधिकृतस्तर, शाखा प्रमुख) | ८,०००/- |
| २. | सब-ईञ्जिनियर, असिष्टेन्ट सब-ईञ्जिनियर र खा.पा.स.टे (सहायकस्तर अमिन बाहेक ) | ५,०००/- |
| ३. | अमिन( प्रत्येक नाँपजाँचमा फिल्ड भत्ता) | रु ५०० प्रति दिन फिल्ड |

**४.भुक्तानी विधिः** २०८० साल साउन महिना देखि दफा ३ बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ ।

**५.कार्यविधिको व्याख्या:-** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**६. थपघट तथा हेरफेरः** आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः- २०८०/०४/३१
प्रमुख प्रशासकीय अधिकृत
प्रकाश पाण्डे
माण्डवी गाउँपालिका